# रेसुङ्गा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड :२ संख्या:१२ पौस ४ गते, बुधबार , २०७५**

**भाग-२**

# रेसुङ्गा नगरपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि-२०७५

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०९/०२

### प्रस्तावना:

योजना, आयोजना तथा कार्यक्रमको फितलो कार्यान्वयनका कारण समग्र मुलुकको विकासले आशातित उपलव्धी हासिल गर्न नसकेको राष्ट्रव्यापीे गुनासो बढिरहेको वर्तमान अवस्थामा यस रेसुङ्गा नगरपालिकाद्वारा संचालित योजना, आयोजना तथा कार्यक्रहरुलाइ अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई सुशासन प्रबद्र्धन गर्दै नतिजामुखी बनाउन वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी रेसुङ्गा नगरकार्यपालिकाको मिति २०७५/०९/०२ को बैठकले यो कार्यविधि पारित गरेको छ ।

**परिच्छेद‘ १**

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधीको नाम “रेसुङ्गा नगरपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि २०७५” रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कायविधि” भन्नाले रेसुङ्गा नगरपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि, २०७५ लाई सम्झनुपर्दछ ।

(ख)“नगरपालिका” भन्नाले रेसुङ्गा नगरपालिकाको कार्यालय, तम्घास, गुल्मीलाई सम्झनुपर्दछ ।

(ग)“अनुगमन” भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ /छैन र कार्यतालिकाअनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ /छैन, नगरकार्यपालिका, वडासमिति वा नगरकार्यपालिकाद्धारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्रे कार्यलाई सम्झनुपर्दछ ।
(घ)“मुल्याङ्कन” भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलव्धी एवं प्रभावहरु परेका छन् भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनुपर्दछ ।

(ङ) “अनुगमन मूल्यांकन समिति” भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित नगरपालिकास्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ । सो दफा शब्दले ३ को उपदफा (२) बमोजिम गठित वडास्तरको अनुगमन तथा मूल्यांकन समिति समेतलाई जनाउँदछ ।

## परिच्छेद‘ २

अनुगमन तथा मूल्याङ्कन समिति सम्बन्धी व्यवस्था

**३. अनुगमन तथा मूल्याङ्कन समिति** :- (१) नगरपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी वनाउन नगरपालिकास्तरमा नगरपालिकाको उपाध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :-
(क) नगरपालिकाको उप प्रमुख :- संयोजक
(ख) प्रमुखले तोकेका वडाअध्यक्ष तथा कार्यपालिका सदस्य बढीमा ३ जना:- सदस्य (यसरी वडाअध्यक्ष तथा कार्यपालिका सदस्यको मनोनयन गर्दा कम्तिमा एकजना महिला सदस्य हुनुपर्नेछ ।)
(ग) प्रमुख प्रशासकीय अधिकृत— सदस्य
(घ) प्राविधिक शाखाको प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी :- सदस्य
(ङ) योजना शाखा प्रमुख— सदस्य सचिव

तर, उक्त समितिका सदस्यका अतिरिक्त नगरपालिकाका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखाको कर्मचारीलाई अन्य अनुगमन मूल्याङ्कन कार्यमा जान वाधा पुगेको मानिने छैन् ।

(२) वडामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन तथा कार्यान्वयन गर्न देहायका सदस्यहरु रहेको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

(क) वडा अध्यक्ष — संयोजक
(ख) वडा सदस्यहरु — सदस्य
(ग) वडा सचिव :- सदस्य सचिव

**४.अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :-**

(१)दफा ३ को उपदफा ( १) वमोजिम गठित नगरपालिकास्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा नगर सभा तथा नगर कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वय गर्ने गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन नगरकार्यपालिकाको बैठक समक्ष पेश गर्ने ।
(ङ) सम्पन्न योजना/कार्यक्रमहरुको भुक्तानी दिने निर्णय गर्ने ।

(च) नगर सभा, नगरकार्यपालिका तथा नगरपालिकाका प्रमुखले तोकेका अन्य कार्यहरु

गर्ने ।

(२) दफा ३ को उपदफा( २) वमोजिम गठित वडास्तरको अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वडामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा नगर सभा, नगरकार्यपालिका तथा वडा समितिबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन वडा समिति समक्ष पेश गर्ने ।
(ङ) सम्पन्न भएका योजना कार्यक्रमहरुको अनुगमन गरि भुक्तानीको लागि नगरपालिका कार्यालयमा सिफारिस गर्ने ।

(च) नगर सभा, नगरकार्यपालिका तथा वडा समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**परिच्छेद‘३**

अनुगमन तथा मुल्याङ्कन सुविधा

**५.अनुगमन तथा मुल्याङ्कन सुविधा :-**

(१) दफा ३ को उपदफा ( १) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन तथा मुल्याङ्कन सुविधा प्राप्त गर्नेछन् ।

(१) दैनिक भत्ता प्रतिदिन रु ५००।००
(२) सहभागी खाना खर्च प्रति छाक रु. २००।००
(३) चिया खाजा खर्च प्रतिदिन प्रतिव्यक्ति रु १००।००
तर, यस्तो अनुगमन तथा मुल्याङ्कन सुविधा महिनामा बढीमा चार दिन सम्मको मात्र उपलब्ध हुनेछ ।
अनुगमन तथा मूल्याँकनको समितिको बैठक बस्दा प्रति सहभागी रु. १०००।— दरले बैठक भत्ता उपलब्ध हुनेछ ।

(२) दफा ३ को उपदफा ( २) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन तथा मुल्याङ्कन सुविधा प्राप्त गर्नेछन् ।

(१) खाजा तथा खाना खर्च प्रतिदिन प्रतिव्यक्ति रु ५००।००

तर, यस्तो अनुगमन तथा मुल्याङ्कन महिनामा बढीमा दुई दिन सम्मको मात्र उपलब्ध हुनेछ ।

**परिच्छेद‘** ४

**अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन**

**६.अनुगमन तथा मुल्याङ्कन प्रतिवेदनः** दफा ३ को उपदफा ( १) र (२ं) बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसूचि १ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

७. प्रतिवेदन पेश गर्नेः दफा ३ को उपदफा (१) बमोजिमको समितिले दफा ६ बमोजिमको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदने नगरकार्यपालिकाले खोजेको बखत बैठकमा पेश गर्नेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको समितिले दफा ६ बमोजिमको अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन वडा समितिले खोजेको बखत बैठकमा पेश गर्नेछ ।

## परिच्छेद‘ ५

विविध

८.बाधा अड्काउ फुकाउने अधिकारः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगरपालिकास्तरको समितिको सिफारिसमा नगरकार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

९.संशोधनः यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलितकानुनको अधिनमा रही नगरपालिकाको हुनेछ ।

अनुसूची १

**परिच्छेद** ४ को दफा ६ सँग सम्बन्धित

रेसुङ्गा नगरपालिका
तम्घास, गुल्मी

अनुगमन प्रतिवेदन फाराम

**१. आयोजना /कार्यक्रमको नामः** ..............................................................

आयोजना स्थल :- रेसुङ्गा नगरपालिका वार्ड नं. ........... स्थानः ......................

**२. विनियोजित रुकम रु.** :-.........................

**३. निर्माण प्रक्रियाः**

(क) उपभोक्ता समितिः (ख) विषयगत कार्यालय (ग) सामुदायिक संस्थाः (घ) गैरसरकारी संस्था
(ङ) सार्वजनिक निजी साझेदारी (च) ठेक्कापट्टा (छ) अमानत

**४. आयोजनाः** (क) सम्झौता मितिः (ख) सम्पन्न हुने मितिः (ग) आयोजनामा संलग्न साझेदारहरूले लागत सहभागिता वा जनसहभागिता जनाएको वा नजनाएको (जनाएको भए प्रतिशतमा राख्ने)

- जम्मा लागत सहभागिता ........................ .जम्मा जनश्रमदान/सहभागिता ..................%

**५. आयोजनाको अनुगमन गर्नुपर्ने पक्षहरुः**

(क) आर्थिक पक्षः

**१) योजनामा प्राप्त वजेटः**
- नेपाल सरकार बाट प्राप्त रू.
- न.पा बाट प्राप्त रू.
- उपभोक्ता समिति बाट प्राप्त रू.
- अन्य संघ सस्थाबाट प्राप्त रू.
- जम्मा रू.

२) योजनामा खर्चः
- प्रथम किस्ता खर्च रू.
- दोस्रो किस्ता खर्च रू.
- तेस्रो किस्ता खर्च रू.
- जम्मा खर्च रू.
- हाल सम्मको खर्च (प्रतिशतमा % रू.......... . ।)

**२) तोकिएको उद्देश्यमा लगानी भए नभएको**

आयआर्जन कार्यक्रमः ☐ भएको ☐ नभएको पुर्वाधार विकास कार्यक्रमः ☐ भएको ☐ नभएको

अन्य कार्यक्रमः ☐ भएको ☐ नभएको

सिपमुलक कार्यक्रमः ☐ भएको ☐ नभएको

(ख) भौतिक पक्षः

१) कार्यतालिका वमोजिमको समयमा कायर्: ☐ भएको ☐ नभएको

२) सूचनामूलक होर्डिङ्गवोर्ड सबैले देख्ने गरी ☐ टाँसेको ☐ नटाँसेको

**३. योजनाको सम्पन्न भौतिक कार्यको विवरणः**

१.

२.

३.

**४.योजनावाट फाइदा पुग्नेः**

| विवरण | दलित | जनजाति | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| लाभान्वित घरधुरी | | | | | |
| लाभान्वित जनसंख्या | | | | | |

(ग) उपभोक्ता समिति तर्फको पक्षः

१) उपभोक्ता समितिको गठन/पुनर्गठन चरणको सहभागिता

क) गठन/पुनर्गठन मितिः .......................... (ख) उपस्थिति संख्या ................ जना

२) उपभोक्ता समितिको वैठक बस्ने गरेको नगरेकोः ☐ गरेको ☐ नगरेको नगरेको

वस्ने गरेको भए :- (क) पाक्षिक (ख) मासिक (ग)..........पटक

३) उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क फोन नम्वरः

अध्यक्षः नाम ................................................................ फोन नं.............................

४) सार्वजनिक परीक्षण, पारदर्शितासम्बन्धी काम गरेको नगरेकोः ☐ गरेको ☐ नगरेको

**६. आयोजनाको दिगो व्यवस्थापन सम्बन्धमा भएको प्रयासः**

क) मर्मत सम्भार कोष स्थापना ☐ भएको ☐ नभएको

ख) व्यवस्थापन समिति गठन ☐ भएको ☐ नभएको

ग) हेरालु/चौकिदारको व्यवस्था ☐ भएको ☐ नभएको

घ) अन्य केही भए उल्लेख गर्नेः ....................................

**७. आयोजनाबाट वातावरणीय क्षेत्रमा पार्ने कुनै असर भए उल्लेख गर्नेः** ....................................................

**८. आयोजना र वजेटबाट प्राप्त उपलब्धि बारे लेख्नेः**

**९.अन्य कुनै विशेष खुलाउनु पर्ने विषयहरू भए उल्लेख गर्नेः**

अनुगमन गर्ने व्यक्तिको तर्पmवाट

| सि. नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

मिति :-

उपभोत्ता समितिको तर्फवाट

नामः पद :- हस्ताक्षरः

आज्ञाले,
भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत